# पाणिनी गाउँपालिकाको विनियोजन ऐन २०७५

पाणिनी गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना :** पाणिनी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम पाणिनी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम पाणिनी गाउँपालिकाको विनियोजन ऐन, २०७५ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५/७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५००९०७०००(सामाजिक सूरक्षा भत्ता समेत) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजन :** (१) यस ऐनद्धारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त पाणिनी गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिनेछैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्ने छ।

(दफा २ सँग  सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संचिय कोषबाट विनियोजन हुने रकम

रु.

| क्र. सं | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | ५९०२३५०० | १४९४८३५०० | | २०८५०७००० |
| २ | | ससर्त अनुदान | २१९९००००० | | | २१९९००००० |
| ३ | | सामाजिक सुरक्षा तर्फ | ७२५००००० | | | ७२५००००० |
| | | जम्मा | ३५१४२३५०० | १४९४८३५०० | | ५००९०७००० |